Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81968
Research Article
ISSN: 3021-9035 Print

# समाजशास्त्रीय आलोकमा मूर्त सम्पदाहरू

डा. भीष्मकुमार भूसाल
bkb2032@gmail.com

## लेखसार

पुरातत्त्व, जीवाश्म विज्ञान, ऐतिहासिकता, वास्तुकला, धार्मिक, सौन्दर्य अथवा अन्य सांस्कृतिक महत्त्व भएका भौतिक वस्तु, कलाकृति तथा पुरातात्त्विक स्थानहरूलाई मूर्त सम्पदा भनिन्छ जसमा स्मारक, भवनहरू र स्थलहरू पर्छन्। यस्ता सम्पदाहरूले समुदायको पहिचान, इतिहास, सांस्कृतिक मूल्य तथा विरासत बोकेका हुन्छन्, जसलाई समुदायले अपनत्वका साथ आफ्नो गौरवका रूपले लिएको हुन्छ। अमूर्त सम्पदाहरूको समाजशास्त्रीय अध्ययन गर्दा नृवंशविज्ञानको अध्ययन, ऐतिहासिक शोध, मौखिक इतिहास, सादृश्य र अन्तरविषयक दृष्टिकोण लगायतका दृष्टकोणबाट अध्ययन गर्न सकिन्छ। यस दृष्टिकोणबाट हेर्दा सम्पदाहरूसँग कसरी समाज जोडिएको हुन्छ र समाजले कसरी सम्पदाप्रतिको लगाव राखेको हुन्छ भन्ने कुरा समाजको संरचना, सामाजिक अन्तर्क्रिया, सामाजिक परिवर्तन, समय, स्थान, सामाजिक समावेशिता, वहिष्करण, भूमण्डलीकरण र मूर्त सम्पदाबिचको अन्तर्क्रिया, सम्पदा संरक्षण र विपद उत्थानशीलता जस्ता समाजशास्त्रीय आयामहरूबाट यस अध्ययनमा विवेचना गरिएको छ।

## शब्दकुञ्जी

सामाजिक समावेशीकरण, सामाजिक स्तरीकरण, सामाजिक अन्तर्क्रिया, सामाजिक परिवर्तन।

## विषय प्रवेश

मूर्त सम्पदा भन्नाले त्यस्ता भौतिक वस्तु (मन्दिर, स्मारक, धरहरा, स्तम्भ, निर्मित, चित्रकला, संरचना), कलाकृतिहरू तथा पुरातात्त्विक स्थानहरूलाई बुझिन्छ; जसको सांस्कृतिक महत्त्व हुन्छ। सांस्कृतिक सम्पदालाई UNESCO Convention on Cultural Heritage 1972 ले स्मारकहरू (वास्तुकला, स्मारकीय मूर्तिकला र चित्रकला, पुरातात्त्विक प्रकृतिका तत्त्वहरू वा संरचनाहरू, शिलालेख गुफाभित्रका आवास र विभिन्न विशेषताहरूको संयोजन जुन इतिहास, कला वा विज्ञानको दृष्टिकोणबाट उत्कृष्ट विश्वव्यापी मूल्यका हुन्छन्, भवनहरू (छुट्टाछुट्टै अथवा जोडिएका भवनहरूको समूह जुन तिनीहरूको वास्तुकला, एकरूपता वा भूदृश्यमा तिनीहरूको स्थानको कारणले गर्दा इतिहास, कला वा विज्ञानको दृष्टिकोणबाट उत्कृष्ट विश्वव्यापी मूल्यका हुन्छन् र स्थलहरू (मानिसका काम वा प्रकृति र मानिसको संयुक्त कामहरू र ऐतिहासिक, सौन्दर्य, जातीय वा मानवशास्त्रीय दृष्टिकोणबाट उत्कृष्ट विश्वव्यापी मूल्य भएका पुरातात्त्विक स्थलहरूसहितका क्षेत्रहरू) लाई परिभाषित गरेको छ। तुलाधर र Tuladhar & Tiwari (2020) का अनुसार मूर्त सम्पदाहरू सम्बन्धित समुदायको भावनात्मक, संवेगात्मक तथा सांस्कृतिक सम्बन्धसँग जोडिएका हुन्छन्, जसमा पर्ने प्रभावले समग्र वस्तीकै वातावरणमा प्रभाव पारेको हुन्छ (पृ ३३१)। यूएनडिपी र UNDP (ND) को परिभाषाअनुसार मूर्त सांस्कृतिक सम्पदाअन्तर्गत चल अथवा अचल वस्तुहरू, स्थलहरू, संरचनाहरू, संरचनाहरूका समूहहरू, मानव बस्तीहरू, प्राकृतिक विशेषताहरू र भूदृश्यहरू समावेश हुन्छन् जसको पुरातत्त्व, जीवाश्म विज्ञान, ऐतिहासिकता, वास्तुकला, धार्मिक, सौन्दर्य, वा अन्य सांस्कृतिक महत्त्व रहेको हुन्छ। मूर्त सांस्कृतिक सम्पदा कुनै पनि वातावरणमा

अवस्थित हुन सक्छ चाहे जमिन माथि होस् वा पानी मुनि।

त्यसैगरी 'प्राकृतिक सम्पदा' भन्नाले सौन्दर्य वा वैज्ञानिक दृष्टिकोणबाट उत्कृष्ट विश्वव्यापी मूल्य भएका भौतिक र जैविक संरचनाहरू वा त्यस्ता संरचनाहरूको समूहहरू मिलेर बनेको प्राकृतिक विशेषताहरू; विज्ञान वा संरक्षणको दृष्टिकोणबाट उत्कृष्ट विश्वव्यापी मूल्य भएका खतरामा परेका प्रजातिका जनावरहरू र बोटबिरुवाहरूको बासस्थान रहेका भूगर्भीय र भौतिक संरचनाहरू र सटीक रूपमा सीमाङ्कित क्षेत्रहरू; विज्ञान, संरक्षण वा प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट उत्कृष्ट विश्वव्यापी मूल्य भएका प्राकृतिक स्थलहरूका विषयमा बुझिन्छ (UNESCO, Article 1)।

यस्ता सम्पदाहरूले समुदायको पहिचान, इतिहास, सांस्कृतिक मूल्यहरू र विरासत बोकेका हुन्छन् जसलाई समुदायले अपनत्वसँगै आफ्नो गौरवको रूपले लिएको हुन्छ। यस्ता सम्पदाहरूले सामाजिक एकताको डोरीको रूपमा काम गरेका हुन्छन्। मूर्त सम्पदाहरूले इतिहासको स्मृति जोगाएका हुन्छन्, जसले विभिन्न समुदायको इतिहास र सांस्कृतिक उद्गम/जराको बारेमा बुझ्न सहयोग पुर्‍याउँदछन्। सम्पदाहरूको महत्त्व यसको संरक्षणसँग जोडिएको हुन्छ। रुडोल्फ र Rudolff (2006) ले त मूर्त सम्पदालाई स्थान वा संरचनामात्र नभै त्यसलाई जोगाउने संस्कार समेत हो भन्ने मान्यता राख्छन्; जसले स्थान, स्मृति र परिचयको भाव सृजना गर्दछ। विशेषगरेर धार्मिक स्मारक र स्थलहरूको सन्दर्भमा भन्नुपर्दा यस्ता सम्पदाहरूले सम्बन्धित समुदायहरूसँग अझ नजिकबाट जोड्ने सेतुको रूपमा काम गर्छन् भने सम्पदासँगै समुदायको आध्यात्मिक, राजनीतिक र सामाजिक मूल्यमान्यतासमेत जोडिएका हुन्छन् (UNESCO, ND)।

मूर्त पुरातात्त्विक सम्पदाहरूको धार्मिक र अध्यात्मिक सान्दर्भिकता पनि उत्तिकै प्रवल हुन्छ। समुदायले मनाउने मेलापर्व, जात्रा र धार्मिक अनुष्ठानसँग यस्ता सम्पदाहरू अविच्छिन्न रूपले जोडिएका हुन्छन्। नेपालको सन्दर्भमा युनेस्कोले विश्वसम्पदा सूचीमा समावेश गरेको काठमाडौँ उपत्यकाभित्रका विभिन्न मन्दिर र दरबार स्क्वायर आदि स्थानहरू, लुम्बिनीजस्ता इतिहास र तत्कालीन वास्तुकला जनाउने स्मारकहरू, चितवन राष्ट्रिय निकुञ्जजस्ता आदिवासी समुदायको संरक्षण र जीवनयापनसँग जोडिएका स्थानहरू, नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाहको गोरखा दरबारलगायतका विभिन्न मन्दिर, स्तुपा, गुम्बा आदि मूर्त सम्पदाहरूले नेपालको इतिहास, संस्कृति, परम्परा, चाडपर्व र समुदायको उद्गम र विकासको चित्र प्रस्तुत गर्दछन्।

मूर्त सम्पदाहरूले एकातिर ती सम्पदा रहेको स्थानमा बसोबास गर्ने समुदायको इतिहास र सांस्कृतिक पहिचानको प्रतिनिधित्व गर्छन् र अर्कोतिर ती समुदायहरूको भावनात्मक मूल्यको प्रतिनिधित्व गर्दछन्; जसले उनीहरूलाई विगत तथा परम्परासँग जोडिराख्दछन्। यी सम्पदाहरूले पर्यटन, रोजगारी, पूर्वाधार विकासलगायतका माध्यमबाट स्थानीय अर्थतन्त्रमा समेत योगदान पुर्‍याउँछन्।

प्रस्तुत आलेखमा कुनै निश्चित मूर्त सम्पदाको विहङ्गम अध्ययन गरिएको छैन बरु विभिन्न सम्पदाहरूसँग कसरी समाज जोडिएको हुन्छ र यसले समाजको संरचना (सामाजिक स्तरीकरण, सामाजिक संस्थाहरू (परिवार, धर्म, शिक्षा, सरकार, अर्थतन्त्र आदि), सामाजिक समूह र सञ्जाल आदि), सामाजिक अन्तर्क्रिया (संस्कृति, भाषा, साङ्केतिक अन्तर्क्रिया), सामाजिक परिवर्तन (सामाजिक अपेक्षा र मान्यताबाट विचलन, सामाजिक नियन्त्रण, सामाजिक मनोविज्ञान आदि), समय र स्थान (समयान्तरमा सामाजिक संरचना र प्रक्रियाहरूमा आएका परिवर्तनको अध्ययन अर्थात् ऐतिहासिक समाजशास्त्र र सामाजिक जीवनमा भौगोलिक अवस्थिति र सहरी वातावरणले पार्ने प्रभावको अध्ययन अर्थात् स्थानिक समाजशास्त्र) तथा सामाजिक समावेशिता र वहिष्करण (सामाजिक, आर्थिक र राजनीतिक अवसर र स्रोतहरूमा पहुँच वा पहुँचविहीनता) जस्ता विषयहरूलाई प्रभावित पारेको हुन्छ भन्ने विषयमा सङ्क्षेपमा चर्चा गरिएको छ। यी पक्षहरूको कुनै मूर्त सम्पदाहरूसँग जोडेर गरिएको विश्लेषणमा यो आलेख केन्द्रित रहनेछ।

## *अध्ययन विधि*

अमूर्त सम्पदाहरूको समाजशास्त्रीय अध्ययन गर्दा नृवंशविज्ञानको अध्ययन (Ethnographic Studies) समुदायको कुनै मूर्त सम्पदासँगको सम्बन्ध बुझ्न सम्बन्धित समुदायसँग अन्तर्क्रिया र तिनको व्यवहारको अवलोकन), ऐतिहासिक शोध (सांस्कृतिक सम्पदाहरूको विकासक्रम बुझ्न ऐतिहासिक दस्तावेज, पाण्डुलिपी र कलाकृतिहरूको अध्ययन), मौखिक इतिहास (मूर्त सम्पदाको सांस्कृतिक सान्दर्भिकता बुझ्न परम्परा र कथाको मौखिक जानकारी लिने कार्य), सादृश्य नृविज्ञान (मूर्त सम्पदाहरूको विश्लेषण तथा दस्तावेजीकरण गर्न सादृश्य विधिको प्रयोग र अन्तर–विषयक दृष्टिकोण (नृवंशशास्त्र, इतिहास, पुरातत्त्व आदिको एकीकृत अध्ययनबाट मूर्त सांस्कृतिक सम्पदाहरूको विहङ्गम बुझाई प्राप्त गर्ने) लगायतका विधिहरू प्रयोग गर्न सकिन्छ। तीमध्ये अन्तरविषयक दृष्टिकोणबाट प्रस्तुत आलेख तयार गरिएको छ।

## *समाजिक संरचना र मूर्त सम्पदाहरू*

सामाजिक संरचनाअन्तर्गत सामाजिक संस्था, सामाजिक मूल्य, सामाजिक स्तरीकरण आदि कारणले व्यक्तिको व्यवहारमा पर्ने प्रभावको मुख्यतः समीक्षा गर्ने गरिन्छ। नेपालमा सामाजिक स्तरीकरण, त्यसमा पनि जात व्यवस्थाले इतिहासदेखि नै मूर्त सम्पदाको संरक्षण र महत्त्व उजागर गर्दै आएको देखिन्छ। परम्परागत जाति व्यवस्था सामाजिक स्तरीकरणको प्रमुख उदाहरण हो, जहाँ ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्रजस्ता हिन्दु वर्णाश्रमभित्रका र बौद्ध, किरात, जैन, मुस्लिम, क्रिश्चियनजस्ता वर्णाश्रम बाहिरका समूहहरूले सामाजिक पदानुक्रममा फरकफरक स्थान ओगटेका छन्। जातीयता, लिङ्ग तथा सम्पत्तिमा आधारित स्तरीकरण यसका अन्य रूप हुन्।

मूर्त सम्पदाहरूले कुनै समुदायको शक्ति संरचना र सामाजिक पदानुक्रम (hierarchies) को प्रतिविम्बित गर्दछन्, जसले त्यस्ता सम्पदामाथिको पहुँच र नियन्त्रण गरेका हुन्छन्। अधिकांश शक्तिपीठहरूमा मगर वा नेवार पुजारी हुनु, काठमाडौँ उपत्यकाका उल्लेख्य सम्पदाहरूको संरक्षण गुठीद्वारा गरिनु तथा गुठीहरूमा निश्चित जातीय समुदायको वर्चस्व रहनु यसका केही उदाहरणहरू हुन्। परम्परागत जात व्यवस्था र यसको पदानुक्रमिक संरचनाले बहुमूल्य सांस्कृतिक स्थलहरू र कलाकृतिहरूमा पहुँच र नियन्त्रणलाई समेत प्रभाव परेको छ; जसले गर्दा कहिलेकाहीँ असमान संरक्षण प्रयास र सांस्कृतिक स्रोतहरूमा पहुँच पनि असमान हुने गरेको छ। कुनै जातविशेषबाट संरक्षित मन्दिर, स्मारक तथा कलाकृतिहरू जस्ता मूर्त सम्पदाहरू नेपालको समृद्ध इतिहास र सांस्कृतिक परम्पराहरू साक्ष्य सेतुका रूपमा रहेका छन्, जसले सामाजिक स्तरीकरण र राष्ट्रलाई आकार दिने विभिन्न समूहको दृश्य प्रतिनिधित्वको रूपमा काम गर्दछन्। अर्कोतिर जुन जात विशेषको त्यस्ता सम्पदामा पहुँच पुगेको छ; ती सम्पदाहरूको मर्मत तथा संरक्षणमा सोही जातीय समुदायले महत्त्वपूर्ण भूमिका खेलेका छन्। तल्लो जात भनिएकाहरूको यस्ता सम्पदामा पहुँच नहुने वा वहिष्करणमा पर्ने कारणले आत्मसम्मानमा चोट पुग्ने गरेको तथा धर्मान्तरणतर्फ प्रेरित भएको पनि देखिन्छ (खड्का / Khadka, 2019)।

यथार्थमा भन्नुपर्दा मन्दिर, स्मारक र पुरातात्त्विक स्थलजस्ता मूर्त सम्पदा स्थलहरूले विगतका समाजको सामाजिक संरचना कस्तो थियो र शक्तिको गतिशीलता कस्तो थियो भन्ने पनि झल्किन्छ। त्यस्ता स्थलहरूमा वास्तुकला, कला र शिलालेखहरूले विभिन्न सामाजिक समूहहरूको भूमिका र स्थितिलाई झल्काएका हुन्छन्।

सामाजिक स्तरीकरणले मूर्त सम्पदाको संरक्षणमा विभिन्न समूहहरूको अपनत्व अथवा वेवास्तालाई पनि प्रतिविम्बित गर्दछ। राम्रो आर्थिक हैसियत भएका कतिपय व्यक्तिहरूले आफ्नो सांस्कृतिक पहिचान र मूल्यहरूसँग मिल्ने स्थलहरूको संरक्षणमा बढी लगानी गर्न सक्छन् भने जसले त्यस्तो लगानी गर्न सक्दैन उनीहरू ती सम्पदाको पहुँच र उपयोगमा सीमान्तकृत वा बहिष्कृत महसुस गर्न सक्छन् (देल मार्मोल र del Marmol, 2026)।

## *मूर्त सम्पदा र सामाजिक अन्तर्क्रिया*

ऐतिहासिक इमारत र स्थलहरू मानिसहरू भेटघाट

हुने, विगतका प्रथा, संस्कृति र परम्परा कसरी जोगाउने भनेर छलफल गर्ने, त्यस्तो सम्पदा जोखाइराख्न र मर्मत सम्भार गर्न हातेमालो गर्ने स्थलका रूपमा रहेका हुन्छन् (ICOMOS, ND)। यी संरचनाहरूले प्रायः चाडपर्वहरू, धार्मिक समारोहहरू र सामुदायिक जमघटहरूका लागि स्थलको रूपमा रही सामाजिक अन्तर्क्रियालाई सहज बनाउँदछन् र सामाजिक बन्धनलाई बलियो बनाउँदछन्। त्यस्ता अन्तर्क्रियाहरूले सम्पदाहरूको आधिकारिकता कायम गर्न वकालत गर्ने र विगतलाई वर्तमानसँग जोड्ने तन्तुको रूपमा काम गर्छन्, जसले गर्दा केवल सामाजिक अन्तर्क्रिया मात्र जीवित हुँदैन बरु सामाजिक पूँजी जोगाइराख्न, सामाजिक सम्बन्ध सुदृढ गर्न र समुदायका सदस्यहरूबिच अपनत्वको भावनालाई बढाउने कार्यमा सहयोग पुगेको देखिन्छ।

समाजको अपनत्वविना सम्पदाको संरक्षण सम्भव छैन। प्रसिद्ध जर्मन दार्शनिक मार्टिन हेइडेगर र Heidegger (1971) भन्छन्– जे सृष्टि गरिएको छ; त्यसलाई जोगाउनेहरू विना अस्तित्त्वमा आउन सक्दैन र समान संरक्षणको जरो संस्कृतिसम्म पुग्छ (रुडोल्फ/Rudolf -2006, p.1)। सांस्कृतिक सम्पदासम्बन्धी संयुक्त राष्ट्रङ्घीय महासन्धि १९७२ को आर्टिकल 5A ले सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रस्तुतीकरणका लागि प्रभावकारी र सक्रिय उपायहरू अपनाइएको सुनिश्चित गर्न समुदायको जीवनमा सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई भूमिका दिने तथा सो सम्पदाको संरक्षणका लागि व्यापक योजना र कार्यक्रमहरूमा एकीकृत गर्ने उद्देश्यले सामान्य नीति अपनाउने प्रस्तावना राखेको छ।

नेपालमा सामाजिक अन्तर्क्रिया र मूर्त सम्पदा गहिरो रूपमा एकअर्कासँग गाँसिएका छन्। मन्दिर, चैत्य र पानी वितरण प्रणालीहरू (जस्तैः काठमाडौँका हिटीहरू) जस्ता परम्परागत वास्तुशिल्प र सांस्कृतिक रूपमा महत्त्वपूर्ण स्मारकहरू सामुदायिक जमघट र अनुष्ठानहरूको केन्द्र–बिन्दुका रूपमा रहेका छन्, जहाँ सामाजिक जीवन अभिव्यक्त हुन्छ र समुदायका मूल्यमान्यता, विश्वास र परम्पराहरूलाई प्रतिविम्बित गर्छ। यस्ता सम्पदाहरू धार्मिक र सांस्कृतिक पहिचानका प्रतीक हुन्, जसले समुदायको आध्यात्मिक र ऐतिहासिक विरासतको समेत प्रतिनिधित्व गर्छन्।

यसप्रकारका सम्पदाहरूले युवाहरूलाई सांस्कृतिक विरासतसँग साक्षात्कार गर्न र निरन्तरता दिन पनि सहयोग पुगेको देखिन्छ। काठमाडौँमा नेवार समुदायका युवाहरूले मूर्त सम्पदासँग जोडिएका अमूर्त सम्पदाहरू जस्तैः जात्रा (धार्मिक पर्वहरू) को सञ्चालन, जिभ्रो छेड्ने रञ्जना लिपिको संरक्षण गर्नेजस्ता कार्यलाई निरन्तरता दिँदै सम्पदा संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको र विरासत जोगाइराख्न प्रतिवद्धता व्यक्त गरेको देखिन्छ। यसप्रकारका क्रियाकलापहरूले सम्पदा संरक्षणमा सामुदायिक स्वामित्व पनि सुदृढ गर्दै लगेको छ। नेपालको सन्दर्भमा भन्नुपर्दा वास्तु शैलीहरू, इँटाहरू, कुँदिएका काठका ढोकाहरू र टाइल गरिएका छानाहरूसहितका नेवारी वास्तुकलाले यो क्षेत्रको सांस्कृतिक सम्पदा र शिल्प कौशल प्रतिविम्बित गर्दछ भने लोमहर्षक प्राचीन पानी वितरण प्रणालीले समुदायको सामाजिक र आर्थिक संरचनाहरू प्रतविम्बित गर्छ; जसले कृषिको अभ्यास र दैनिक जीवनमा प्रभाव पार्ने गर्दथ्यो।

## सामाजिक परिवर्तन र मूर्त सम्पदाहरू

सामाजिक परिवर्तनले मूर्त सम्पदाहरूको संरक्षण तथा ती सम्पदासँग जोडिएका परम्पराहरूको निरन्तरतामा समेत प्रभाव पार्दछ भने मूर्त सम्पदाहरूले समेत सामाजिक परिवर्तनमा प्रभाव पार्दछन्। विकास, सहरीकरण, भूमण्डलीकरण, बसाइँसराइ र सांस्कृतिक एकरूपताजस्ता सामाजिक शक्तिहरूले मूर्त सम्पदा रहेका स्थानको लोप हुने वा ती सम्पदा जोगाउने संस्कृतिको अन्त्य हुने अवस्था आउन सक्छ। उदाहरणका लागि चापागाउँ सम्पदा बस्तीमा विकासका पूर्वाधार (सडक विस्तार), नयाँ पुस्ताको जीवनशैली, पेसा र रुचिमा आएको परिवर्तन र संरक्षणमा युवाको अनास्थाले सम्पदामा ह्रास आएको देखिन्छ। त्यहाँ युवा पुस्तामा संस्कृति र सम्पदासम्बन्धी ज्ञान र अभ्यासको स्थानान्तरणसमेत कमजोर हुँदै गएको (तुलाधर/Tuladhar and Joshi (2020) तर्क छ।

त्यसैगरी सम्पदाको सांस्कृतिक पुनरुत्थान त्यसले

सृजना गर्ने आर्थिक विकास र सम्बन्धित समुदायको गौरव वृद्धिका लागि मूर्त सम्पदाहरू आफैँमा उत्प्रेरक हुन सक्छन्। सम्पदाहरूले यसको संरक्षण र सांस्कृतिक समृद्धिकरण गर्ने क्रममा सीमान्तकृत समुदायको समावेशिता, रोजगारी सृजना सामाजिक ऐक्यवद्धता र जागरणको वातावरण सृजना गर्न सक्छ (हसन/Hassan, 2020)।

विकासका परियोजनाहरूले प्राचीन पुरातात्त्विक सम्पदाहरू जोगाउन चुनौतीको सृजना गर्दछ। सडक निर्माण र पूर्वाधार परियोजनाहरू सहितको द्रुत विकासले सम्पदा स्थलहरूलाई खतरामा पार्न अथवा क्षति पुऱ्याउन सक्तछ। काठमाडौँ तराई द्रुतमार्गको खोकना खण्डको रेखाङ्कन अझै पनि नटुङ्गिनु यसको उदाहरण हो। सम्पदा स्थलहरूको संरक्षणको लागि सावधानीपूर्वक विचार गरी विकास परियोजनाहरू बनाइनुपर्छ। त्यसो गर्दा सम्पदा स्थलहरूको योजना र व्यवस्थापनमा स्थानीय समुदायहरूको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्दछ। त्यसैगरी सम्पदा संरक्षणको महत्त्वको बारेमा सम्बन्धित समुदाय, पर्यटक र विद्यार्थीहरूमा जनचेतना जगाउनु जरूरी हुन्छ। मूर्त सम्पदाको संरक्षण र संवर्धन गर्न बलियो नीति र कानुनसमेत आवश्यक पर्दछ।

त्यस्तै सहरीकरण र बसाइँसराइले मूर्त सम्पदाहरू जोगाउन कठिन हुन्छ। त्यसका लागि आवश्यक परम्परागत ज्ञान र सिप पनि बसाइँसराइसँगै हराउँदै जान्छ। अर्कोतिर मूर्त सम्पदाको संरक्षणमा पर्याप्त जनचेतना र संलग्नताको अभाव वा त्यस्ता सम्पदाप्रतिको वेवास्ताले मूर्त सम्पदामा धेरै ठुलो क्षति पुऱ्याउन सक्तछ। परिवर्तनशील सामाजिक मूल्यमान्यताहरूले मूर्त सम्पदाहरूको संरक्षण र यससँग सम्बन्धित परम्परागत सामाजिक अभ्यासहरूमा चुनौती खडा गर्छन्।

## *स्थानिक र ऐतिहासिक समाजशास्त्र तथा मूर्त सम्पदाहरू*

भवन, स्मारकहरू र पुरातात्त्विक स्थलहरूजस्ता मूर्त सम्पदाहरू भौतिक वस्तु मात्र नभएर यी त इतिहासमा समाज र त्यसले अवलम्बन गरेका मूल्यहरू प्रतिविम्बित गर्ने सामाजिक संरचनाहरू पनि हुन्। नेपालको सन्दर्भमा तिलौराकोट र रामग्रामजस्ता स्थलहरूले नेपालको प्राचीन विगतको बारेमा अन्तर्दृष्टि प्रदान गर्छन् (रोका/Roka, 2024)। यस्ता भौतिक निशानीहरू र विशिष्ट स्थानहरू समयको विभिन्न कालखण्डसँग आवद्ध हुन्छन्, जसले तीती कालखण्डका सामाजिक प्रक्रियाहरू र ऐतिहासिक घटनाहरू बुझ्न सहयोग पुग्छ (सरिहान/Sarihan, 2021)। वास्तवमा मूर्त सम्पदाको अर्थ र महत्त्व वस्तुहरूमा मात्र निहित नभएर सामाजिक अन्तर्क्रिया र सांस्कृतिक अभ्यासहरू मार्फत् सिर्जित र अभिव्यक्तसमेत हुन्छ। मूर्त सम्पदाको परीक्षणबाट अनुसन्धानकर्ताहरूले विगतका सामाजिक संरचनाहरू, विश्वास, शक्ति गतिशीलताहरू र सांस्कृतिक अभ्यासहरूबारे जानकारी प्राप्त गर्न सक्छन्।

स्थानिक र ऐतिहासिक समाजशास्त्रले सामाजिक मूल्यहरू, प्राविधिक प्रगतिहरू र राजनीतिक सन्दर्भहरूमा भएका परिवर्तनहरू प्रतिविम्बित गर्दै समयसँगै मूर्त सम्पदा कसरी परिवर्तन हुन्छ भन्ने पनि अन्वेषण गर्दछ। काठमाडौँ उपत्यकाकै कुरा गर्ने हो भने यो आफैँमा साना गाउँहरू, बस्तीहरू र साना सहरहरूबाट शताब्दीयौँदेखि विकास हुँदै जाँदाको परिणाम हो। सुरुमा मानिस र देवताहरूका लागि डिजाइन गरिएका ती ससाना बस्तीहरू मानिसहरूको आवश्यकता र जीवनशैलीसँगै विकसित हुँदै जाँदा भव्य कला र वास्तुकलाको जन्म भयो। भूकम्पजस्ता पटक–पटकका प्राकृतिक विपत्तिहरू खेपेका शताब्दीयौँ पुराना मन्दिर, वर्ग, स्मारक, विश्राम गृह र पानीका फोहोराहरू पछिल्ला दशकहरूमा बसाइँसराइ, सहरीकरण, भूमण्डलीकरण आदिले बढेको जनसङ्ख्या तथा तथाकथित विकासका कारणले जोखिममा परिरहेका छन् (महर्जन/Maharjan and Barata, 2018)। अझ भन्ने हो भने मूर्त सम्पदाको अध्ययन केवल विगतका बारेमा जान्नका लागि मात्र नभएर विगतको विरासतले वर्तमानलाई कसरी आकार दिन्छ र भविष्यका सामाजिक अभ्यासहरूलाई कसरी सूचित गर्दछ भन्ने कुरा बुझ्नका लागि पनि हो।

ऐतिहासिक समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा बसाइँसराइ, सत्ता परिवर्तन र धर्मान्तरणका कारणले त्यस्ता

सम्पदाहरूको संरक्षणमा धेरै ठुलो चुनौती थपिएको छ। अफगानिस्तानमा वामियानको बुद्धमूर्तिको विनाश, फिरङ्गी तथा विधर्मीहरूद्वारा तक्षशिला, नालन्दालगायतका प्राचीन विश्वविद्यालयहरू र भारतवर्षमा विभिन्न मूर्त सम्पदाहरू माथिको हमला र विनाशले इतिहास मेट्ने काम मात्र नगरेर थुप्रै संस्कृतिहरूलाई समेत इतिहासको गर्तमा पुऱ्याइदिएका छन्।

## *सामाजिक समावेशिता र वहिष्करणसँग मूर्त सम्पदाहरूको सम्बन्ध*

सामाजिक समावेशीकरण/वहिष्करण तथा मूर्त सम्पदाबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ। ऐतिहासिक भवन र कलाकृतिजस्ता मूर्त सम्पदाहरू सामुदायिक पहिचानको भाव बढाएर, सांस्कृतिक गतिविधिहरूमा सहभागितालाई प्रोत्साहन गरेर आर्थिक अवसरहरू प्रदान गरेर सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने सशक्त माध्यम हुन सक्छन्। यी सम्पदाहरूलाई जति धेरै सबैको पहुँच र जीवनचर्यासँग जोड्न सकियो त्यति नै समाजलाई थप समावेशी बनाउन सकिन्छ भन्ने तथ्य ब्रिटिश काउन्सिलको अध्ययनले स्पष्ट उजागर गरेको छ (ब्रिटिश काउन्सिल/The British Council, 2013)। मूर्त सम्पदाहरूले पर्यटन, सांस्कृतिक कार्यक्रम र सामुदायिक परियोजनाहरू मार्फत् उनीहरूको पृष्ठभूमिबाट बाहिर आएर त्यस्ता संस्कृतिमा भाग लिन र त्यसबाट प्राप्त अवसरहरूबाट लाभ लिन पनि सहयोग गर्छ। यसले अवरोधहरू तोड्दै सामाजिक रूपले ऐक्यवद्ध हुन पनि प्रोत्साहित गर्दछ।

पुरातन मन्दिरहरू वा ऐतिहासिक सहरहरू जस्ता मूर्त सम्पदाहरूले समुदायलाई विगतसँग जोड्न, समुदाय–भित्रका विविध समूहहरूबिच पहिचान र सम्बद्धताको साझा भावना बढाउन तथा अझ विशेषगरी मूलप्रवाहको कथाबाहिर परेका सीमान्तकृत समूहहरूलाई उनीहरूको सांस्कृतिक विरासतसँग जोड्न, आत्मसम्मान वृद्धि गर्न, सामाजिक विविधता बुझ्न र आर्थिक विकासको मूलधारमा ल्याउन सहयोग पुऱ्याउँछन्। मूर्त सम्पदा आर्थिक विकासको माध्यम पनि हुन सक्छन्। पर्यटन, शिल्प अथवा सम्पदा संरक्षणसँग सम्बन्धित स्थानीय व्यवसायहरू प्रवर्द्धन गरेर, मूर्त सम्पदाहरूले रोजगारीका अवसरहरू सृजना गर्न र आर्थिक रूपले विपन्न समुदायहरूका लागि आयआर्जन गर्न पनि मद्दत पुऱ्याउँछन् (लौलान्स्की/Loulanski, 2006)।

मूर्त सम्पदाहरू विभिन्न संस्कृति, इतिहास तथा परम्पराहरूको बुझाइलाई प्रवर्द्धन गर्न एक शक्तिशाली शैक्षिक उपकरण पनि हुन्। त्यस्ता सम्पदालाई पहुँचयोग्य बनाएर र तिनका बारेमा जानकारी मूलक शैक्षिक सामग्री उपलब्ध गराएर समुदायले विविधताको सम्मान र प्रशंसामा वृद्धि गर्न सक्छन् (ब्रिटिश काउन्सिल/The British Council, 2013)। मूर्त सम्पदासँग जोडिँदा विभिन्न पृष्ठभूमिका मानिसहरूले आफ्नो ज्ञान, कथा तथा अनुभवहरू बाँड्न एकसाथ उभिन सक्छन्, जसले पारस्परिक समझदारी र सम्मानको भावना बढाउन सक्छ। यसले विभाजनहरूलाई जोड्ने सेतुको रूपमा काम गर्दै थप समावेशी र एकताबद्ध समाज सृजना गर्न मद्दत पुग्न सक्तछ (निसि/Nisi et al, 2023)।

## *भूमण्डलीकरण र मूर्त सम्पदा*

नेपालमा विश्वव्यापीकरणले मूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि अवसर र चुनौती दुवै सृजना गरेको छ। उदारीकरणको नीति अवलम्बनसँगै नेपालका समृद्ध ऐतिहासिक स्थलहरू र सांस्कृतिक परम्पराहरू प्रदर्शन गरी पर्यटन तथा आर्थिक वृद्धि बढाउन सकिने अवस्था सृजना भएको छ। तर सांस्कृतिक उपनिवेशवाद, आधुनिकीकरण, सम्भावित विकास र नयाँ पुस्तामा परम्परागत अभ्यासको उपेक्षाले मूर्त सम्पदाहरूको संरक्षणमा चुनौती थपिएको छ। यस सन्दर्भमा आर्थिक विकास र भावी पुस्ताहरूका लागि नेपालका मूर्त वा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा जिम्मेवारी बोधको सन्तुलन खोज्नु अर्को चुनौती छ। आधुनिकीकरण र भूमण्डलीकरणले हाम्रा मन्दिर र अन्य सम्पदा वा संरचनाको वास्तुकलाको शैली र डिजाइनसँग जोडिएको सांस्कृतिक र धार्मिक विश्वास खण्डित गर्ने भय रहन्छ। यी सम्पदा स्थिर भौतिक संरचना मात्र नभएर नेपाली समुदायहरूको सामाजिक अभ्यासका अभिन्न अङ्ग

पनि हुन्। यी सम्पदा स्थलहरूले सामुदायिक अन्तर्क्रिया र सामाजिक एकताको केन्द्रबिन्दुका रूपमा काम गर्छन्। यी त्यस्ता ठाउँहरू हुन्, जहाँ मानिसहरू धार्मिक समारोह, सांस्कृतिक कार्यक्रमहरू र दैनिक सामाजिक जमघटका लागि पनि भेला हुन्छन्।

यसप्रकारका सामाजिक सम्बन्धका सेतु हुँदाहुँदै पनि काठमाडौँ दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर र पशुपतिनाथ मन्दिरका जटिल वास्तुशिल्प र डिजाइनहरूले यो क्षेत्रको सांस्कृतिक र कलात्मक सम्पदालाई जुन उचाइ दिएका छन्, तिनको संरक्षण गर्न जान्ने नयाँ पुस्ता उदय नहुने हो भने हालकै गतिको भूमण्डलीकरणले भविष्यमा आउनसक्ने जुनसुकै भवितव्यबाट हुने ती सम्पदाहरूको क्षयीकरण रोक्न कठिन हुने देखिन्छ। भूमण्डलीकरणले परम्परागत शिल्पकार तथा कालिगढहरूको अभावसमेत निम्त्याउन सक्छ। किनकि युवा पुस्ताहरू आधुनिक पेसामा आकर्षित हुँदै जाँदा सांस्कृतिक सम्पदा संरक्षणमा दक्ष कालिगढको अभाव सृजना हुँदै गएको छ। मूर्त सम्पदाले पर्यटन आकर्षिक गर्ने र पर्यटनले आर्थिक लाभ ल्याउने सम्भावना रहन्छ। तर यसले सांस्कृतिक सम्पदाको महत्त्व कम बुझ्ने पर्यटकहरू पनि आकर्षित गर्ने हुँदा सम्पदाको वस्तुकरण पनि निम्तिन सक्तछ। यसप्रकारको अवस्थामा पुरातात्त्विक सम्पदा वा क्षेत्रहरूमा क्षति हुने र परम्परागत मूल्य र अभ्यासहरूको क्षय हुने सम्भावना हुन्छ। अर्कोतिर पश्चिमी संस्कृति र मूल्यमान्यताको प्रसारले परम्परागत नेपाली पहिचान र सांस्कृतिक अभ्यासहरूलाई कमजोर बनाउन सक्छ। आधुनिकीकरण तथा भूमण्डलीकरणसँग कयौँ परम्परागत अभ्यासका मूल्यमान्यताहरू प्रतिस्थापित हुँदै जाने वा सीमान्तीकरणमा हुने सम्भावना भएकाले मूर्त सम्पदाहरूको संरक्षणमा चुनौती थपिँदै गएको छ।

तथापि भूमण्डलीकरणबाट सृजना हुनसक्ने केही अवसरहरू पनि छन्। विश्वको जुनसुकै कुनामा रहेको व्यक्तिले नेपालको सांस्कृतिक सम्पदाको संरक्षणमा अन्तर्राष्ट्रिय जागरूकता बढाउन सक्छ; जसले गर्दा यसको संरक्षणका लागि थप सहयोग र समर्थन प्राप्त हुन सक्छ। यसका साथै सांस्कृतिक सम्पदा स्थलहरू प्रमुख पर्यटकीय आकर्षण हुन सक्छन् र स्थानीय स्तरमा रोजगारी तथा आयआजर्नको माध्यम पनि हुन सक्छन्। विश्वव्यापीकरणले सांस्कृतिक सम्पदाको दस्तावेजीकरण, अभिलेख र प्रदर्शनको लागि डिजिटल प्रविधिहरूको प्रयोगलाई सहज पनि बनाएको छ; जसले गर्दा भावी पुस्ताका लागि यसको संरक्षण सुनिश्चित हुन्छ। यसका लागि अन्तर्राष्ट्रिय सहकार्य र साझेदारी पनि प्राप्त हुने गरेको छ; जसले नेपालको सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनको लागि बहुमूल्य स्रोत र विशेषज्ञतासमेत प्राप्त हुने गरेको छ।

## *विपद र मूर्त सम्पदाहरू*

सम्वत् २०७२ को भूकम्पपछिको पुनर्निर्माणमा मूर्त पुरातात्त्विक सम्पदाहरूसँग समुदायको आवद्धताको अनुपम उदाहरण देखिएको थियो। सांस्कृतिक सम्पदाको पुनर्निर्माण र पुनर्स्थापनामा नेपालको मिश्रित अनुभव रह्यो। जहाँ उपभोक्ता समिति (समुदायका प्रतिनिधिहरू जसले शताब्दीयौँदेखि सम्पदा संरक्षण र व्यवस्थापन गर्दै आएका छन्) त्यस्ता सम्पदाको पुनर्निर्माणको जिम्मेवारी वहन गर्न पर्याप्त सक्षम थिए। त्यहाँ यसको प्रामाणिकता र मौलिकता राम्रोसँग पुनर्स्थापित भयो। जोशी/Joshi, Tamrakar and Magaiya) को दावीअनुसार सहभागितामूलक सम्पदा निर्माणले पारदर्शिता र गुणस्तर सुनिश्चित गर्नुका अतिरिक्त आफ्नो सम्पदामा सामूहिक प्रयास र जनताको लगाव ल्याउन, आफ्नो सम्बन्धको भावना बढाउन र सामुदायिक बन्धन दरिलो पार्न भूमिका खेल्यो (2021)। यसको विपरीत उपभोक्ता समितिको अनुपस्थितिमा परम्परागत निर्माणको ज्ञानको अभावमा सम्पदा संरचनाहरूको पुनर्निर्माणमा जोखिम बढेको पाइयो (रावल/Raval et al, 2020)। यसको मौलिकता पुनर्स्थापित गर्न र त्यस्ता स्मारकहरूको ऐतिहासिक प्रामाणिकता कायम राख्न विभिन्न समुदायमा छरिएका पुरातात्त्विक प्रमाणहरू एकीकृत गर्नुपरेको थियो।

(श्रेष्ठ/Shrestha (2021) को तर्कअनुसार समुदायले उपभोक्ता समितिको नेतृत्वमा पुरातात्त्विक सम्पदाहरूको पुनर्निर्माण कार्य अघि बढाउन जोड दिएका थिए। किनकि यसले उनीहरूको ऐतिहासिक र सांस्कृतिक पहिचानको

गहिरो स्वामित्वको भावना सुनिश्चित गर्थ्यो, पारदर्शिता बढाउँथ्यो र राम्रो गुणस्तरको पुनर्निर्माण सम्भव हुन्थ्यो। (श्रेष्ठ/ Shrestha, Twayana and Rajbanshi (2020) त के पनि तर्क गर्छन् भने कतिपय सम्पदा स्थलहरूमा उत्कृष्ट विश्वव्यापी मूल्य छ; जुन पुर्खाको ज्ञान र प्रविधिको प्रसारणद्वारा मात्र संरक्षित गर्न सकिन्छ।

## *निष्कर्ष*

मानव समुदायको धर्म, संस्कृति, सभ्यता, कला र ऐतिहासिक विरासत बोकेका प्राकृतिक वा मानवनिर्मित सम्पदाहरूलाई मूर्त सम्पदा भनिन्छ। यी सम्पदाको संरक्षण र विकाससँग मानव समुदायको सामुदायिक संरचना, स्तरीकरण, धर्म, जात, लैङ्गिकता, सामुदायिक पदानुक्रम, मानव समाजले भोग्नुपरेको सङ्कटपूर्ण अवस्था, सामाजिक अन्तर्क्रिया, सामाजिक परिवर्तनलगायतका तत्त्वहरू प्रत्यक्ष परोक्ष रूपले जोडिएका हुन्छन्। समुदायको शक्ति संरचना र सामाजिक पदानुक्रमले त्यस्ता सम्पदामाथिको पहुँच र नियन्त्रण गरेका हुन्छन्। सामाजिक संरचनाले व्यक्तिको व्यवहारमा पर्ने प्रभावका आधारमा मूर्त सम्पदासँगको अन्तर्क्रिया कसरी भएको हुन्छ भन्ने झल्किन्छ भने त्यसभित्रको जात व्यवस्थाले इतिहासदेखि नै मूर्त सम्पदाको संरक्षण र महत्त्वलाई उजागर गर्दै आएको छ। नेपालमा हिन्दु वर्णाश्रम र वर्णाश्रम बाहिरका सबै समुदायको मूर्त सम्पदाको विकास र संरक्षणमा उत्तिकै भूमिका रहेको देखिन्छ। मूर्त सम्पदा स्थलहरूले विगतका समाजको सामाजिक संरचना र शक्तिको गतिशीलतासमेत झल्काउँछन् । अर्कोतिर सामाजिक अन्तर्क्रियाले सम्पदाहरूको आधिकारिकता कायम गर्न वकालत गर्ने र विगतलाई वर्तमानसँग जोड्ने तन्तुको रूपमा काम गर्दछन् । समाजको अपनत्व विना सम्पदाको संरक्षण सम्भव छैन । त्यसैगरी सामाजिक परिवर्तनले मूर्त सम्पदाहरूको संरक्षण र ती सम्पदासँग जोडिएका परम्पराहरूको निरन्तरतामा समेत प्रभाव पार्दछ भने मूर्त सम्पदाहरूले समेत सामाजिक परिवर्तनमा प्रभाव पार्छन्। विकास, सहरीकरण, भूमण्डलीकरण, बसाइँसराइ र सांस्कृतिक एकरूपताजस्ता सामाजिक शक्तिहरूले मूर्त सम्पदा रहेका स्थानको लोप हुने डर हुन्छ। सामाजिक मूल्यहरू, प्राविधिक प्रगतिहरू र राजनीतिक सन्दर्भहरूमा भएको परिवर्तन, बसाइँसराई, सत्ता परिवर्तन र धर्मान्तरणका कारणले त्यस्ता सम्पदाहरूको संरक्षणमा ठुलो चुनौती थपिएको छ।

ऐतिहासिक भवनहरू र कलाकृतिहरूजस्ता मूर्त सम्पदाहरू सामुदायिक पहिचानको भावनालाई बढावा दिएर, सांस्कृतिक गतिविधिहरूमा सहभागितालाई प्रोत्साहन गर्दै आर्थिक अवसर प्रदान गरेर सामाजिक समावेशीकरणको प्रवर्धन गर्ने सशक्त माध्यम हुन सक्छन् भने यसबाट सामाजिक रूपले ऐक्यवद्ध हुनसमेत प्रोत्साहित मिल्छ। तर सांस्कृतिक उपनिवेशवाद, आधुनिकीकरण, सम्भावित अतिविकास र नयाँ पुस्तामा परम्परागत अभ्यासप्रतिको उपेक्षाले मूर्त सम्पदाहरूको संरक्षणमा चुनौती थपिएको छ। विश्वव्यापीकरणले सांस्कृतिक सम्पदाको दस्तावेजीकरण, अभिलेख र प्रदर्शनका लागि डिजिटल प्रविधिहरूको प्रयोगलाई सहज पनि बनाएको छ; जसले गर्दा भावी पुस्ताहरूको लागि यसको संरक्षण सुनिश्चित हुन्छ। सहभागितामूलक सम्पदा निर्माणले पारदर्शिता र गुणस्तर सुनिश्चित गर्नुका अतिरिक्त आफ्नो सम्पदामा सामूहिक प्रयास र जनताको लगाव ल्याउन, आफ्नो सम्बन्धको भावना बढाउन र सामुदायिक बन्धन दरिलो पार्न तथा सम्पदाको आधिकारिकता कायम राख्न भूमिका खेल्छ।

## *References*

British Council (2013). Cultural heritage and inclusive growth. Retrieved April 26, 2025 from https://www.britishcouncil.org.np/sites/default/files/report_*cultural_heritage_for_inclusive_growth*.pdf

del Mármol, C., Siniscalchi, V., & Estrada, F. (2016). 'Reflecting on heritage and power: Dynamics, strategies and appropriations in the Catalan Pyrenees and the French Alps'. *International Journal of Heritage Studies*. 22(5), 341–354.https://doi.org/10.1080/13527258.2016.1153495

Hassan, F (2021). Cultural heritage, empowerment and the social transformation of local

communitiej[mChapter].In Higgins, V. & Douglus, D. (eds.) *Communities and Cultural Heritage* (1st ed.).Routledge.

Heidegger, M. (1971). *Building, dwelling, thinking*. Harper Colophon Books.

Joshi, R., A Tamrakar, & Magaiya, B. (2021). Community-based participatory approach in cultural heritage reconstruction: A case study of Kasthamandap. Progress in Disaster Science, 10, Elsevier. https://doi.org/10.1016/j.pdisas.2021.100153

Khadka, P. (2019). Caste-away: Dalits seek escape through conversion in Nepal. Retrieved April 26, 2025 from https://www.ucanews.com/news/caste-away-dalits-seek-escape-through-conversion-in-nepal/84549#:~:text=Caste%2Daway:%20Dalits%20seek%20escape,conversion%20in%20Nepal%20%2D%20UCA%20News

Loulanski, T. (2006). 'Cultural heritage and socio-economic development: Local and global perspective'. *Environments Journal* Volume 34(2).

Maharjan, M. and Barata, F. P. (2018). 'Living with heritage: Including tangible and intangible heritage in the changing time and space'. *Journal of the Institute of Engineering* 13(1):178. DOI:10.3126/jie.v13i1.20365

Nisi, V., Bala, P., Cesário, V., James, S., Del Bue, A., & Jardim, M. (2023). 'Connected to the people: Social inclusion &cohesion in action through a cultural heritage digital tool'. *Proceedings of the ACM on Human-Computer Interaction*, Volume 7, Issue CSCW2, Article No.: 319, pp 1 – 37.

Raval, V., Bothara, J., Pradhan, P., Narasimhan, R.& Singh, V. (2021). 'Inclusion of the poor and vulnerable: Learning from post-earthquake housing reconstruction in Nepal'. *Progress in Disaster Science*, Vol. 10http://dx.doi.org/10.1016/j.pdisas.2021.100162

Roka, S. (2024). 'Balancing development and heritage conservation in Nepal: An analysis with reference to legal and policy framework'. *Unity Journal,* 5(1), 207–222. https://doi.org/10.3126/unityj.v5i1.63177

Rudolf, B. (2006). Intangible and tangible heritage -A topology of culturein contexts of faith. [Inaugural dissertation (PhD thesis) University of Mainz Germany].Retrieved April 26, 2025 from https://www.academia.edu/1402267/*Intangible_and_tangible_heritage*

Sarihan, E. (2021). 'Visibility model of tangible heritage.- Visualization of the urban heritage environment with spatial analysis methods'. *Heritage.* 2021, 4(3), 2163- 2182, https://doi.org/10.3390/heritage4030122

Shrestha, R. (2021). Community led post-earthquake heritage reconstruction in Patan–issues and lessons learned. Progress in Disaster Science, 10, Elsevier. https://doi.org/10.1016/j.pdisas.2021.100156

Shrestha, R. J., Twayana, T.,& Rajbanshi, E. (2020). Socio-cultural aspect of heritage conservation & community participation in Bhaktapur.

Tuladhar, A., & Joshi, S. R. (2020). Study of Social and Cultural Sustainability in Heritage Settlement – A case at Chapagaun. Proceedings of 8th IOE Graduate Conference, Department of Architecture, *Pulchowk Campus*, IOE, TU, Nepalhttps://conference.ioe.edu.np/ioegc8/papers/ioegc-8-039-80052.pdf

UNDP (ND). *Standard 4- Cultural Heritage*. From https://ses-toolkit.info.undp.org/standard-4#:~:text=Tangible%20Cultural%20Heritage%20includes%20moveable,;%20or%20e)%20traditional%20craftsmanship.

UNESCO (ND). 'The interdependency of the tangible and intangible cultural heritage'. *ICOMOS 14th General Assembly and Scientific Symposium*.https://openarchive.icomos.org/id/eprint/468/1/2_-_Allocution_Bouchenaki.pdf

United Nations Educational, Scientific and Cultural Organisation. (UNESCO). Convention Concerning The Protection of The World Cultural and Natural Heritage. *Adopted by the General Conference at its seventeenth session Paris*, 16 November 1972